# नसबंदी र गर्भपातको हुकुम

[ नेपाली - Nepali - نيبالي ]

अतीकुर्रहमान मो.इदरीस खान मक्की

2013 - 1434

IslamHouse.com

# حكم تحديد النسل وتنظيمه

« باللغة النيبالية »

عتيق الرحمن محمد إدريس خان مكي

2013 - 1434

IslamHouse.com

**بسم الله الرحمن الرحيم**

الحمد لله و الصلاة و السلام على نبينا محمد و على آله و صحبه أجمعين

सम्पूर्ण प्रशंसा अल्लाहीको लागि हो । र दरूदो सलाम उनका दूत महुम्मद् र उनका परिवार र साथीहरु माथि होस्।

**सर्वाधिकार लेखकमा सुरक्षित छ।**

**पुस्तक पाइने ठेगाना -:**
**इस्लामिक गाइडेन्स सेन्टर कपिलवस्तु नगरपालिका**
**व.नं. ९ महुवा तौलिहवा कपिलवस्तु (नेपाल)**
**सम्पर्क नं. ००९७७-९८४७०३०७८०**
**९७२७६४९२३८**

# लेखकको विचार

अलहम्दो लिल्लाहे नहमदोहु व नस्तईनोहु व नस्तगफिरहु व नऊजो बिल्लाहे मिन शोरूरे अनफोसेना व मिन सईयाते आमालेना, मैंयहदेहिल्लाहो फलामोजिल्ला लहु व मैंयुजलिल्हो फला हादिया लहु व अश्हदोअल्लाइलाहा इल्लल्लाहो व अश्हदो अन्ना मोहम्मदन् अब्दहु व रसूलहु । (अम्मा बअ्द)

हरेक प्रकारको प्रशंसा अल्लाहको लागि छ जसले सर्म्पूण ब्रह्माण्डलाई उत्पन्न गऱ्यो, र अल्लाहको शान्ति अवतरित होस् अन्तिम संदेष्टा मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम र उहाँको घर परिवार र साथीहरू माथि र उनी सबैहरू माथि जुन यस इस्लामको प्रचार प्रसार गरे र मुहम्मदको पद्धतिलाई उत्तम मानी उसै माथि हिंडी आफ्नो जीवन व्यतीत गरे ।

हाम्रो देश नेपालमा नसबंदी र गर्भपात गराउने मान्छेहरूको कमी छैन, र अवैध तरिकाले यस्तो घृणा योग्य कार्य निरंत्रताले चलिरहे छ । र हाम्रो समाजमा यसलाई अमानवीय कार्य हुने दावी गरे पनि यसलाई रोक्न कुनै ठोस कदम उठाउनुबाट असमर्थ छ । किनकी हामी र हाम्रो समाज सबै यस अमानवीय कार्यमा लिप्त छन् ।

प्रस्तुत पुस्तकमा मैले नसबंदी र गर्भपातबारे ज्ञानवर्धक कुराहरू तपाईहरूको समक्ष राख्ने प्रयास गरेको छु । साथै यसबारे जटिल समस्याहरूको नविारण गर्ने प्रयास पनि गरेको छु । र यस सानो लेखमा ती अवस्थाहरूको पनि विवरण छ जस अवस्थामा गर्भपात र नसबंदी वैध भई हाद्यछ । र ती सबै अवस्थाहरूको विवरण पनि छ जस अवस्थामा नसबंदी र गर्भपात ठूलो अपराध घोषित हुन्छ । मलाई आशा छ कि यो सानो प्रयास तपाईहरूको लागि उपयोगी हुनेछ र हाम्रा ती दाजुभाइहरू जुन यस कार्यमा लिप्त छन् यसलाई त्यागी आफ्नो लोक परलोकको जीवनलाई आनन्दनीय बनाउने छन् ।

मेरो अल्लाहसित प्रार्थना छ कि हे अल्लाह यस पुस्तकबाट सर्वसृष्टिलाई लाभ पुऱ्याई मलाई आफ्नो कृपाको पात्र बनाऊ र मेरो घरपरिवारका सबै सदस्यलाई स्र्वग प्रदान गर । (आमीन)


**लेखदक**

**अतीकुर्रहमान मोहम्मद इदरीस खान मक्की**

**कपिलवस्तु नगरपालिका वार्ड न.९ महुवा**

**तौलिहवा कपिलवस्तु नेपाल**

**मो.नं. ००९७७–९८४७०३०७८०**

**Mob.00977-9847030780**

बिस्मिल्लाहिर्रहमानिर्रहीम

अल्लाहले यस संसारको संरचना गरे पश्चात त्यसमा बसोबास गर्नुको लागि एउटा पुरुष र महिलाको सृष्टि गर्‍यो, र उनी दुवैबाट मानव जातिको सृजना भयो । र यो कार्य निरंत्रताले प्रलय सम्म चलिरहने छ ।

हामीलाई थाहा छ कि शिशुको जन्म पुरुष र महिलाको मिलापले उतपन्न हुन्छ, यो नै अल्लाहको विधान हो । र हामीलाई यो पनि थाहा छ कि पुरुष र महिलाको मिलापले गर्दा जुन विर्य पुरुषको गुप्ताङ्गबाट महिलाको गर्भाष्यमा जान्छ त्यो विर्यमा शुक्राणु हुन्छन् त्यसैबाट बच्चाको अविष्कार हुन्छ । यदि कुनै जतन गरी विर्यलाई महिलाको गर्भाष्यमा जानुबाट रोकियो भने बच्चाको अवष्किार हुँदैन उसको पुष्टि मेडिकल साइन्सले पनि गरेछ र यसै कारण अनेकौं प्रकारका कोन्डोमहरूको ( निरोधहरूको ) अविष्कार गरियो । र कुरआनले पनि बच्चा अविष्कार हुनुको अवस्थाहरूको विस्तारले वर्णन गरेको छ ।

तर हाम्रो समाजमा विर्यलाई गर्भाष्यबाट पर राख्नुको लागि अनेकौ प्रकारका जतनहरू गरिन्छ ताकि विर्यले गर्भको रूप धारण नगरोस् । र कतिपय जना त गर्भ भए पश्चात गर्भपात गराइदिन्छन् किन ? यनीलाई के भय हुन्छ ?

यस्ता अनेकौं प्रकारका प्रश्नहरू छन् जसको उत्तर अनेकौं मान्छेहरूले अनेकौं प्रकारले दिन्छन् ।

कतिपय जना भन्छन् कि संसारको जनसंख्या ठूलो भन्दा ठूलो भइसकेको छ , हामीलाई जनसंख्यालाई नियन्त्रण गर्नुपर्छ । उसको लागि सबै भन्दा सजिलो बाटो गर्भपात र नसबंदी एवं गर्भनाशक औसधीहरू हुन् ।

तर यस्ता मान्छेहरू के यस प्रश्नको उत्तर दिन सक्छन् कि के उनीहरू यस संसारको रचयता हुन वा कुनै आर्को शक्तिले यसको रचना गरेको छ ? यदि कसै आर्को शक्तिले रचना गरेछ

भने के त्यसले यसलाई सर्वोत्तम ढंगले चलाउनमा सक्षम छैन ? र के गर्भाष्यमा त्यही शक्तिले बच्चाको अविष्कार गर्छ वा हामी गर्छौं ? यदि हामी बच्चाको रचना गर्नुमा सक्षम छौं भने कतिपय जना निःसंतान किन छन् ? के सम्पूर्ण संसारका मान्छेहरू एकजुट भएर पनि यस्तो मान्छेलाई संतान दिन सक्छन् ?

यदि हामी बच्चा अविष्कार गर्नुमा सक्षम छैनौं भने त्यो शक्तिलाई नै यो थाहा छ कि कुन समय कसलाई बच्चा प्रदान गर्नु छ अनि त्यो सर्वज्ञानीले बच्चा प्रदान गरी हाल्छ । हामीले जति जतन गरे पनि बच्चा जन्मनु छ भने जन्मी हाल्छ कुनै शक्ति अल्लाह बाहेक यस्तो छैन जुन त्यसलाई रोक्न सकोस् । अनि हाम्रो यो भ्रमको कुनै महत्व नै रहेन, फेरि हामी उसको विधान र निर्देशनको विरोधी किन बनौं ।

र कतिपय जना आफ्नो गरीबीलाई माध्यम बनाई यो भन्छन् कि हामी लोग्ने स्वास्नीलाई नै जीविका पुग्दैन बच्चालाई के खुवाउँछु ।

त कतिपय जना गर्भ भएको अवस्थामा अल्ट्रासाउन्ड गराई यदि केटा छ भने ठीक छ तर यदि केटी भएको खण्डमा गर्भपात गराइदिन्छन् र भन्छन् कि केटीलाई त आर्काको घर जानु छ र त्यो हाम्रो शत्रुको मुकाबलामा कुनै सहायता पनि गर्दैन भने त्यसलाई किन अपनाउने र किन जन्माउने ।

त कतिपय जना केटीको विवाहको खर्चको र दहेजको भयले केटीको गर्भ मै हत्या गरिदिन्छन् , गर्भपातद्वारा वा गर्भनाशक औसधीहरू द्वारा ।

त कतिपय जना केटीको जन्मलाई आफ्नो मान सम्मान विरुद्ध ठान्छन् । र दमादको सामु उहाँको आत्म सम्मानलाई ठेस पुग्छ । र दमादले गरेका सम्पूर्ण माँगलाई पूर्ण गर्नुपर्छ आदि......।

हाम्रो देश र समाजमा गर्भपातको समस्या जटिल भन्दा जटिल बन्दै गएको छ । यो एउटा इस्लाम विरोधी कार्य हो यस कारण संसारका समस्त इस्लाम विरोधीहरूले यसको समर्थन गर्न

थाले तर जब केवल केटीहरूको गर्भलाई नाश गर्न थालियो त सबै चिंतित भए र अनेकौं प्रकारका कानून बनाउन थाले, र सबैले यसको विरोध गरे तर विरोधीहरू आफै यस विरामीमा लिप्त भएको कारण कुनै कानूनले यस समस्याको समाधान गर्न सकेन । बरु यो विरामी बढदै गयो, र हाम्रो समाज विगर्दै गयो । आज करोडौं केटीहरूको हत्या गर्भपातद्वारा वा गर्भनाशक औसधीहरू द्वारा गरिन्छ र हाम्रो समाज यो दुखद कुकर्मलाई देख्न बाहेक केही गर्नुमा असमर्थ छ ।

र यस्तै शिशुको जन्मलाई पूर्णतः रोक्नको लागि इस्लाम विरोधीहरूले नसबंदी गराउन आव्हान गरे र सबैलाई नसबंदी गर्नु तर्फ आमंत्रित गरे र मुस्लिम समाजले विरोध गर्दा उनीहरूलाई अज्ञानी, नीच, देशद्रोही जस्ता उपाधिबाट नामाकरण गर्न थाले ।

हे सर्वश्रेष्ठ सृष्टि, मानव जाति ! के वास्तवमा उप्रोक्तका कुराहरू वैधानिक र मानवता अनुकूल छन् ? के वास्तवमा यो कार्यहरू मानवताका कार्यहरू हुन् ? के यो कार्यहरू विधाताको कार्यहरूको हस्ताछेप गर्नु होइन ? के त्यसले बनाएको विधानको उल्लंघन होइन ?

आउनुस् हामी हेरौं कि विधाताको विधान इस्लाम यसको बारेमा के पुष्टि गर्छ ।

इस्लामीय दृष्टिकोणले तहदीदुन् नस्ल अर्थात नसबंदी हराम छ । अर्थात एक दुई बच्चा पश्चात नसबंदी गराइदिनु कि अरु बच्चा नजन्मुन् यसलाई इस्लाम हराम भनेको छ किनकी रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ :

अर्थ : तिमीहरू यस्तो युवतीसित विवाह गर जुन धेरै मायाँ गर्नेवाली र धेरै बच्चा जन्माउनेवाली होस्, किनकी म कियामतको दिन आफ्नो उम्मतीहरूको ठूलो संख्या माथि गर्व गर्नेछु । ( अहमद, अबू दाऊद )

यस हदीसबाट यो प्रष्ट हुन्छ कि विवाहको उद्देश्य नै बच्चा जन्माउनु र आत्माको संतुष्टि हो , र संसारमा मानव जातिको

वंशलाई बाँकी राख्नु हो । र आर्को कुरो के छ भने रसूल सल्लल्लाहो अलैहे वसल्लमले धेरै बच्चा जन्माउने युवतीसित विवाह गर्ने आदेश दिनुभए छ । अब हामीले नसबंदी गराएको खण्डमा हदीसमा वर्णन गरिएका उद्देश्यहरू पूर्ण हुन्नन् त्यसै कारण नसबंदी अर्थात तहदीदुन् नसल हराम छ यसमा सम्पूर्ण मुसलमानहरूको एकमत छ ।

तर यदि नसबंदीको अति अवश्यक्ता आई पुगेछ भने नसबंदी पनि जायज भई हाल्छ । जसरी कुनै युवतीलाई डाक्टरले यो भन्छ कि यो युवती अब गर्भवती भएको अवस्थामा यसको मृत्यु सुनिश्चित छ । अब यस्तो जटिल अवस्थामा मात्र नसबंदी गराउन सकिन्छ यस कुरा माथि प्रमाणको लागि अल्लाहको फर्मान छ :

अर्थ : आफूलाई आफै हत्या नगर । ( सूरः बकरः १९५ )

र आर्को ठाउँमा अल्लाहको वर्णन छ :

अर्थ : अल्लाह तिमीहरूको लागि सुगम्ता चाहन्छ, र तिमीहरूलाई कष्टमा पार्न चाहदैन । ( सूरः बकरः १८५ )

दुवै आयतहरूबाट यो प्रष्ट हुन्छ कि अल्लाह नजिक सबै भन्दा महत्वपूर्ण कुरा एउटा मनुष्यको ज्यान हो, त्यो भन्दा महत्वपूर्ण कुरा यो सारा संसारमा अरु केही छैन । यसै कारण अल्लाहले भनेछ आफ्नो हत्या आफै नगर अर्थात जब तिमीलाई यो थाहा भयो कि यो युवतीले गर्भधारण गरेको अवस्थामा यसको मृत्यु हुने निश्चित छ वा त्यस युवतीको ज्यान जाने सम्भावना छ भने नसबंदी गराई यसको ज्यान जोगाउनु नै उचित छ । र दोस्रो आयत पनि यो पुष्टि गर्छ कि अल्लाह तिमीलाई कुनै परिस्थितिमा कष्ट पुऱ्याउन चाहदैन । र यदि कसैको ज्यान जाने खतरा होस् भने यस भन्दा कष्टदायक स्थिति अरु के होला, यसर्थ नसबंदी गराई ज्यान बचाउनु इस्लामीय दृष्टिले अति उत्तम छ ।

तर केही मान्छेहरू यस प्रमाणको दुरुपयोग गरी आफ्नो हितको लागि प्रयोग गर्छन् । झूठो डाक्टरी रिपोर्ट बनाई नसबंदी गराई हाल्छन् । यस्ता मान्छेहरू अल्लाह र अल्लाहका रसूलको विरोधीहरू हुन् यस्ता उदण्डीहरूलाई अल्लाह अवश्य दण्डित गर्नेछ जसले यसको अनुमतिको दुरुपयोग गरी आफूलाई ज्ञानी बुझ्छन् । अल्लाहले प्रदान गरेको दया सुगम्ताको दुरुपयोग गर्नु ठूलो पाप

हो, र यो कपटीहरूको कार्य मध्ये एक हो, अल्लाह हामी सबैलाई सुमार्गी बनाउन् आमीन ।
बाँकी रह्‌यो तन्जीमुन् नस्‌ल ( परिवार नियोजन ) अर्थात एउटा समय सीमा सम्मको लागि मात्र बच्चा जन्माउने क्रमलाई कुनै प्रकारबाट रोक्नु । यदि उद्देश्य राम्रो छ भने यो जायज छ , र उद्देश्य राम्रो छैन वा इस्लामको निर्देशन विरुद्ध छ भने हराम छ ।
हामीलाई थाहा छ कि बच्चा जन्माउने क्रमलाई विभिन्न प्रकारले रोकिन्छ जसरी गर्भपात द्वारा, निरोधको प्रयोगद्वारा, गर्भनिरोधक औसधीहरू द्वारा, गर्भनाशक औसधीहरू द्वारा...आदि।
१ :- यदि उपरोक्तमा वर्णन गरिएका साधनहरू द्वारा बच्चा जन्माउने क्रमलाई रोक्नुको उद्देश्य यो होस् कि यदि बच्चा जन्मन्छ भने के खान्छ कहाँबाट खान्छ, लुगा कहाँबाट लगाउँछ , विवाह कसरी गरिन्छ , दहेज कहाँबाट ल्याउ छु .....आदि ।
अर्थात गरिबीको कारण अथवा जीविका संकुचित हुनुको कारण यस्तो गर्छ भने यो हराम छ । किनकी सबैको पालनहार र अन्नदाता अल्लाह हो, जुन सबैलाई जीविका प्रदान गर्छ अमीर गरीब राजा प्रजा सबैको अन्नदाता उही अल्लाह नै हो ।
अर्थात जसले सारा संसार र स्वयम् तिमीलाई जीविका प्रदान गर्छ के तिम्रो शिशुलाई जीविका प्रदान गर्नुमाथि शक्ति सम्पन्न छैन ? के तिमी हेरेनौ कि शिशुको जब जन्म हुन्छ त्यसको लागि जीविका त्यसको आमाको स्तनहरूमा त्यार पाईन्छ ।
अल्लाहको भनाई छ :
अर्थ : जीविकाको भयले आफ्नो बच्चाहरूको हत्या नगर, हामी तिमीलाई जीविका प्रदान गर्दैछौं र उनीहरूलाई पनि प्रदान गर्ने छौं । सूरतुल् अनआम १५१ )
र आर्को टाउँमा अल्लाहको कथन छ :
अर्थ : यस पृथ्वी माथि जति जीवधारीहरू छन् सबैको जीविकाको जिम्मेवारी अल्लाह माथि छ ।

अब मनथन गर्नुस् कि हामी त मनुष्य हौं सर्वश्रेष्ठ जीवधारी हौं, पशु पंक्षीलाई पनि अल्लाह नै जीविका प्रदान गर्छ, हाम्रा घरहरूमा त दुई चार दिनको लागि खाने सामग्री अवश्य हुन्छ तर पशु पंक्षीहरू त प्रातःकाल खाली पेट जान्छन् र बेलुका पेट भरेर फर्कन्छन् । जब अल्लाहको यस्तो राम्रो व्यवस्था छ भने हामीलाई कुन कुराको भय छ ।

उपरोक्त वर्णन गरिएको आयत यसै कुरालाई पुष्टि गर्छ कि अल्लाह तिमीलाई जीविका प्रदान गरिरहे छ भने त्यही अल्लाह तिम्रो बच्चालाई रोजी दिन सक्दैन ? अवश्य दिनेछ । स्पष्ट यो भयो कि जीविकाको भयले गर्भपात गर्नु ठूलो अपराध हो र अल्लाहको शक्तिमाथि संदेह एवं शंका गर्नु हो जुन नास्तिकता र जघन्य अपराध हो । अल्लाह हामी सबैलाई यस्तो कुकर्मबाट बचाउन् आमीन ।

२ :- यदि गर्भनाशक र गर्भ निरोधक औसधीहरू द्वारा बच्चा जन्माउने क्रमलाई केही समयको लागि मात्र रोक्नुको कारण र उद्देश्य राम्रो छ भने यो जायज छ । जसरी बच्चाहरूको पालन पोषणगर्नु , र सिक्षा दिक्षा दिनु, पहिलो शिशु सानो भएको अवस्थामा, आमालाई कष्ट पुग्ने सम्भावना ...आदि ।

उप्रोक्त समस्याहरूलाई ध्यानमा राखी यदि कुनै मान्छे कुनै साधन प्रयोग गरी केही समयको लागि आफ्नो स्वास्नीलाई गर्भ धारण गर्नुबाट रोक्छ भने यो इस्लामीय दृष्टिकोणले जायज छ । किनकी यो जीवनका महत्वपूर्ण अवश्यक्ताहरू हुन् र यस कार्यले इस्लामको विधानको उल्लंघन पनि हुँदैन, र यसै जस्ता साधन रसूल सल्लल्लाहो अलैहे वसल्लमको युगमा उहाँको साथीहरूले प्रयोग गरेको बखत उहाँ सल्लल्लाहो अलैहे वसल्लमले यसबाट मनाही गर्नुभएन बरु यसको समर्थन गर्नुभयो जस्तो कि हदीसमा छ ।

अर्थ : उहाँ सल्लल्लाहो अलैहे वसल्लमका एउटा सहाबी भन्छन् कि “ हामी अजल गर्दै थिएँ र कुरआन अवतरित हुँदैथियो” ( बुखारी, मुस्लिम )

अजल : अरबी शब्द हो, जसको अर्थ हो सम्भोग गर्दाखेरी पुरुष आफ्नो विर्यलाई महिलाको गुप्ताङ्ग भित्र नगिराई बाहिर गिराओस् ताकि महिला गर्भवती नभइहालोस् ।
र आर्को हदीसमा छ :
अर्थ : एउटा मान्छे रसूल सल्लल्लाहो अलैहे वसल्लम समक्ष आयो र भन्यो हे अल्लाहको रसूल सल्लल्लाहो अलैहे वसल्लम म आफ्नो स्वास्नीसित अजल गर्छु, उहाँ सल्लल्लाहो अलैहे वसल्लमले सोध्नु भयो तिमी यस्तो किन गर्छौ ? त्यस मान्छेले भन्यो उसको बच्चहरूको स्नेह र मायाँले गर्दा, त रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो यदि यो कार्य हानिकारक हुन्थ्यो भने रोमीहरूलाई र फारसीहरू (ईरान, ईराकको क्षेत्रमा बस्नेहरू)लाई हानि पुगाई सकेको हुन्थ्यो । ( मुस्लिम )
र यसतै हजरत उमर रजीअल्लाहो अन्होको शासनकालमा अजलको बारेमा चलिरहेको समय एउटा मान्छेले भन्यो कि केही मान्छेहरू ( यहूदी, ईसाईहरू ) अनुमान लगाई भन्छन् कि अजल गर्नु सन्तानको हत्या गर्नुको सानो किसिम हो त हजरत अली रजीअल्लाहो अन्होले भन्नु भयो होइन संतानको हत्या त्यो समय सम्म भन्न सकिदैन जब सम्म आमाको गर्भाष्यमा भएको भ्रुणमाथि सातवटै बच्चा अविष्कार हुने क्रमहरू न गुज्रोस् ............ अनि हजरत उमर रजीअल्लाहो अन्होले भन्नु भयो अल्लाह तिम्रो जीवनमा वृद्धि गरोस् तिमीले सत्य भन्यौ ।
उप्रोक्तका प्रमाणहरूबाट यो स्पष्ट हुन्छ कि गर्भ निरोधक साधनहरू प्रयोग गर्न सकिन्छ जस्तो कि त्यस युगमा सहाबाहरू अजलको माध्यमले गर्थे । र हामीहरूको युगमा निरोध, र गर्भ निरोधक औसधीहरू द्वारा गरिन्छ , तर उद्देश्य राम्रो हुनु पर्‍यो जसलाई इस्लामीय र मानवीय दृष्टिकोणले राम्रो भन्न सकियोस् ।
बाँकी रह्‍यो यो कुरो कि गर्भ निरोधक वा गर्भनाशक औसधीहरू वा साधनहरू प्रयोग गर्नुको के केही विधिहरू विद्वानहरूले वर्णन गरेका छन् ?

हो, अवश्य छन् विद्वानहरूको सत्य एवं निष्ठापूर्वक उदगारहरू बमोजिम यदि अवश्यक्ता छ भने भ्रुणमा ज्यान हालिनु भन्दा अगावै नै गर्भपात गराउन सकिन्छ र त्यसको समय सीमा विद्वानहरूले ८० दिन सम्म बताएका छन् किनकी ८० दिन पश्चात भ्रुणमा ज्यान हालिन्छ । यसै कारण ८० दिन पश्चात गर्भपात गर्नु जायज छैन, किनकी भ्रुणमा ज्यान हाले पश्चात गर्भपात गर्नु बच्चाको हत्यागर्नु हो, र यो जघन्य अपराध हो । कुरआन र विद्वानहरू एवं वैज्ञानिकहरू बताए अनुसार ८० दिन पश्चात भ्रुणमा ज्यान हालिन्छ । र यसको प्रमाण हो हजरत अली रजीअल्लाहो अन्होको कथन र हजरत उमर रजीअल्लाहो अन्होको त्यस माथि समर्थन जसलाई हामी माथि नै वर्णन गरी सकेका छौ ।

उपरोक्तका कुराहरूबाट यो कुरो स्पष्ट भयो कि गर्भपात गर्नु ठूलो पाप हो, र यस्तै नसबंदी गर्नु पनि ठूलो अपराध हो । तर अवश्यक्ता र स्थिति अनुसार यो जायज पनि हुनसक्छ जस्तो कि प्रत्येक हराम कार्यहरू अवस्था अनुसार ग्राह्त्य भइहाल्छन् जसरी सुँगुरको मासु खानु, मदिरा सेवन गर्नु आदि । अर्थात यदि मान्छे कुनै यस्तो ठाउँमा पुग्छ जुन ठाउँमा खाने कुनै हलाल कुरो छैन र नखाईकन् मान्छेको ज्यान जाने खतरा छ भने त्यो सुँगुरको मासु खान सक्छ । यसतै पीने कुनै पवित्र कुरा नभएको खण्डमा मदिरा सेवन पनि गर्न सक्छ , किनकी ज्यान जाने खतरा छ । ठीक यस्तै ज्यान जाने खतरा भएको अवस्थामा नसबंदी र गर्भपात गर्न सकिन्छ ।

अन्तमा अल्लाहसित विन्ती छ कि अल्लाह हामी सबैलाई सत्कर्म तर्फ आकर्षित गराउन् र हामीलाई सत्मार्गी बनाई स्वर्ग प्रदान गरुन् , र हामीहरूलाई नसबंदी एवं गर्भपात जस्ता ठूला अपराधहरूबाट जोगाउन् र हाम्रा माल सम्पत्ति र संतानमा वृद्धि गरुन् , र हाम्रा निःसंतान दाजुभाइ र दिदीबहिनीहरूलाई संतान प्रदान गरी उहाँहरूको मुटुलाई

शितल पारुन् , जेजति हामीले अज्ञानताले पापहरू गरेका छौ त्यसलाई क्षमा गरी हाम्रा पापहरूलाई पुण्यमा परेणित गरुन् ।

**(आमीन)**

# *समाप्त*


*लेखक*

**अतीकुर्रहमान मोहम्मद इदरीस खान मक्की**

**कपिलवस्तु नगर पालिका वॉड नं.९**

**महुवा तौलिहवा कपिलवस्तु**

**नेपाल**

Mob. No.00977-9847030780

00966-0501372254